गीत

तथा

भजनहरू

शरद कुमार भट्टराई

श्रद्धेय डा. [illegible] लाई
समर्पण
[illegible]

गीत

तथा

भजनहरू

शरद कुमार भट्टराई

प्रकाशिका:-

सजीवकुमार भट्टराई
सुनाम नगर, प्रयाग मार्ग
बत्तीसपुतली-९, काठमाडौं
फोन नं. ४७१९९५

प्रथम संस्करण ५०० प्रति

प्रकाशित मिति:- २०५२ साल माघ १ गते

मूल्य:- रु. ५०।-

मुद्रक:- विनायक प्रेस, धोबीधारा,
काठमाडौं, नेपाल

१

रविशशियुत राष्ट्रध्वजसमलङ्कृत जय जय हे ! राष्ट्र नेपाल
शुभ्ररजतमण्डित सर्वोच्चहिमशिखरशिरसुशोभित विश्ववन्द्य नेपाल
इन्द्रधनुषपुञ्जीभूत नवरङ्गविभूषित डाँफेकलरव मधुरिकृत अतिसौम्य नेपाल
अगणितवीरपरिरक्षित दुर्गसदृश सबल सशक्त दृढतर स्वनामधन्य नेपाल
रविशशियुत राष्ट्रध्वजसमलङ्कृत जय जय हे ! राष्ट्र नेपाल ॥

गौरीशंकरऋषिमुनिजनकबुद्ध सुसेवित साधनाक्षेत्र ज्ञानकुञ्ज नेपाल
कणकण अतुलवीरशौर्यसमाहित दुरन्त दुर्जय जन्मभूमि नेपाल
जय वीरभूमि जय कर्मभूमि जय तपोभूमि जय शान्तिभूमि नेपाल
रविशशियुत राष्ट्रध्वजसमलङ्कृत जय जय हे ! राष्ट्र नेपाल ॥

रक्तगुँरासमयवदनप्रस्फुटित वुकिफूलसुरभिकृत निर्भय विशालवक्षयुत राष्ट्र नेपाल
विश्ववन्दित शास्वतमानवहित प्रेरित उन्नतसंस्कृतिपरिपूरित राष्ट्र नेपाल
अनवरत अक्षय्य हिमनदीसिञ्चित झरझर निर्झर वात सुसेवित सुखद राष्ट्र नेपाल
रविशशियुत राष्ट्रध्वजसमलङ्कृत जय जय हे ! राष्ट्र नेपाल ॥

२

जय जय जननी नेपाल आमा तिमीलाई कोटी कोटी प्रणाम
धवल हिमालय मुकुटमण्डित अतिउच्च छ भाल
कोसीगण्डकीकर्णाली सिञ्चित जय जननी नेपाल
हरितवनसघन फलफूल धनधान्ययुता सौम्य प्रकृति विशाल
हे वरद भूमि ! वीरमहिमामण्डित वीरमाता वीरधाम
जय जय जननी नेपाल आमा तिमीलाई कोटी कोटी प्रणाम ॥

कलकल चपल जल बहने मेची काली छन् तिम्रा परिसीमा
मनोरम खण्डैखण्ड तरेलीयुत हिमाल पहाडतराइ भरिछ्यौ आमा
सारा नेपालीकी तिमी हौ मगमग फूलवारी स्वर्गसरि आमा
तिम्रो नै निर्भय काख सधैँ बन्दछ हामीलाई स्वर्ग सरि सुख धाम
जय जय जननी नेपाल आमा तिमीलाई कोटी कोटी प्रणाम ॥

नानाविध संस्कृति भाषा इतिहासकी तिमी हौ साझा जननी
नानाविधमा पनि एक गराई तिमी जोड्छयौ जननी
तिम्रो मुटुको स्पन्दन हाम्रो ढुकढुकी बन्द छ जननी
तिम्रो अस्तित्वसँगै गाँसिएको छ हाम्रो जीवन अविराम
जय जय जननी नेपाल आमा तिमीलाई कोटी कोटी प्रणाम ॥

गोपाल किरात लिच्छवी मल्ल शाह र सेन
एलम्वर मानदेव अंशु पृथिवी अमर भक्ति र भीम
पत्रैपत्र तिम्रा हृदय भरि बाँच्तछ हाम्रो इतिहास असीम
हाम्रा कैयौँ अमर शहीदहरूकी तिमी जननी हौ शुभ धाम
जय जय जननी नेपाल आमा तिमीलाई कोटी कोटी प्रणाम ॥

३

जय आमा जन्मभूमि तिमीलाई श्रद्धानत शिरले गर्छौं नित्य नमन
जसले राख्यो अविजित इतिहास सधैं यौटा स्वाधीन राष्ट्र बनी
जसका छ फरफर विशद कीर्तिपताका अविचल राष्ट्रिय शान पनि
जसका छ अतुलित विश्वबीच उन्नत माथा गर्छौं तिनकै नित्य नमन
जय आमा जन्मभूमि तिमीलाई श्रद्धानत शिरले गर्छु नित्य नमन ॥

सृष्टिकी प्रथम सिर्जना सरिकी तिमीहौ पृथ्वीकी सुन्दर फूलबारी
अम्लान अभेद्य सधैं युगयुगदेखिन् जागृत जनकी तिमी हौ सौम्य छहारी
जसले धर्तीमा आफ्नू बैशिष्ठ्य राख्नु नै मान्दछ ठूलो अभिमान
जय आमा जन्मभूमि तिमीलाई श्रद्धानत शिरले गर्छु नित्य नमन ॥

आमा तिम्रै स्नेहसिञ्चित वरदकाखबाट सुरू गर्छौं हामी प्रयाण
आखिरी हामीलाई प्राप्य छ आमा अविजित तिम्रै काख महान्
भास्वरदीप्ति प्रदीपित बन्दछ हाम्रो उज्ज्वल स्वाभिमान
जय आमा जन्मभूमि तिमीलाई श्रद्धानत शिरले गर्छौं नित्य नमन ॥

४

उठौँ हामी देशलाई माथि लानुपर्छ
इतिहास साक्षी राखी हामी उठ्नुपर्छ
देश माथि लाने भए सबै जुट्नुपर्छ
एकताको मूल मन्त्र फेरि गाउनुपर्छ
बल भद्र अमर सिंह फेरि आउनुपर्छ
उठौँ हामी देशलाई माथि लानुपर्छ ॥

आफैँमात्रै जान्नेसुन्ने पनि भन्नुहुन्न
मैले आफैँ मात्रै सबै गर्छु भन्नुहुन्न
सबै उठे देश उठ्छ एक्लै केही हुन्न
जागृतिको गीत गाई सँगै जानुपर्छ
उठौँ हमी देशलाई माथि लानुपर्छ ॥

लाली गुराँस गालाभरि रातै फुल्नुपर्छ
छाती भरि पसिनाको माला झुल्नुपर्छ
हातेमालो गरीकन सबै उठ्नुपर्छ
तीतो मीठो जे जे मिल्छ सँगै खानुपर्छ
उठौँ हामी देशलाई माथि लानुपर्छ ॥

५

सँगै बाँच सँगै मर आज देश भन्छ
परिश्रमको पसिनामा फल्छन् हीरा मोती
आफैँ भित्र फर्की हेर देख्छौ दिव्य ज्योति
आफैँसँग गरे भर देश बन्छ बन्छ
सँगै बाँच सँगै मर आज देश भन्छ ॥

आफैँसँग आफैँ बनी सधैँ बाँच्नलाई
हिमाल जस्तो ठाडो शिर गरी हाँस्नलाई
तरतर पसिनाले भिज्न सक्नुपर्छ
सँगै बाँच सँगै मर आज देश भन्छ ॥

ठेला पारी हात भरि पेट कस्नु पर्छ
खोलानाला बाँध्नु पर्छ माटो घस्नुपर्छ
डाँडाकाँडा सिर्जनाले झकमक बन्छ
सँगै बाँच सँगै मर आज देश भन्छ ॥

६

पोखौँ पसिना र विकास गरौँ
दुई मुठ्ठी बढाई अगाडि बढौँ
दशनङ्ग्री खियाएर काम गरौँ
पोखौँ पसिना र विकास गरौँ

लघुताभास हटाई दुरुस्त बनौँ
आफैँसँग नै अब विश्वास गरौँ
पोखौँ पसिना र विकास गरौँ

कसरी ती उठे हेरेर उठौँ
अति अलमल भयो ढिला नगरौँ
पोखौँ पसिना र विकास गरौँ

हुस्सु हट्यो अब पूर्व खुल्यो
कसौँ पटुका शुभ प्रस्थान गरौँ
पोखौँ पसिना र विकास गरौँ

हिम्मत बटुलीकन हाँस्न सिकौँ
बाचुन् जनता बरू आफू मरौँ
पोखौँ पसिना र विकास गरौँ

७

कति निष्ठुर बन्दछ मान्छे हाँसी हाँसी गर्दछ घात
गुलावसँग काँडा हुन्छन् कैल्यै पनि गर्दिन याद
मायासँग छल कसरी होला ! हर्षसँग कसरी विषाद
जे जे भन्छु सब त्यो सुन्छौ गर्दैनौ क्यै प्रतिवाद
कति निष्ठुर बन्दछ मान्छे हाँसी हाँसी गर्दछ घात ॥

मेरो स्पन्दन तिम्रो मुटुमा धुक धुक गर्दछ चल्ने काम
हाम्रो सब एक भइसक्यो अब प्रेमपथका यात्री अविराम
तै पनि बन्दछ आज विरानो आफैँसँग आफ्नो हात
कति निष्ठुर बन्दछ मान्छे हाँसी हाँसी गर्दछ घात ॥

कालो बादल बीच चम्कन्छ सूक्ष्म प्रकाशमय जीवनशेष
तिमीमा चम्कनु पर्दछ प्रियतम मेरो माया चन्द्र विशेष
तै पनि किन हो देख्दछु तिमीमा संशयमय उल्कापात
कति निष्ठुर बन्दछ मान्छे हाँसी हाँसी गर्दछ घात ॥

बाँचिरहेछु प्रियतम म अझै छातीभरि बोकी तिम्रो आस
बसन्त बन्ला पतझड कसरी बन्नु पर्दछ यसले मधुमास
कति बस्छौ गुमसुम जस्तै अबता देऊ तिम्रो हात
कति निष्ठुर बन्दछ मान्छे हाँसी हाँसी गर्दछ घात ॥

८

कति पर्खौं मेरो हजूर ! बैँस ढल्न लाग्यो
मेरो माया कति पापी मेरै माया छैन
यौटै मुटु हाम्रो भन्थ्यौ साँचो हो कि हैन
भित्र कता दुख्छ मेरो रोग कस्तो लाग्यो
कति पर्खौं मेरो हजूर ! बैँस ढल्न लाग्यो ॥

तारे भीर गुँरास फुल्यो मगमग वास
मनको वाँध फुटिसक्यो गर्दागर्दै आश
हेर्दाहेर्दै बाटो तिम्रो मुटु दुख्न लाग्यो
कति पर्खौं मेरो हजूर ! बैँस ढल्न लाग्यो ॥

सपनीमा कति देखौं विपनीमा आऊ
वसन्त झैं मेरो माया मन भरि छाऊ
आकाशको जून पनि अब ढल्न लाग्यो
कति पर्खौं मेरो हजूर ! बैँस ढल्न लाग्यो ॥

९

मौरे डाँडा बादल छायो तिमी आएनौ
लाजै लाग्ने बैंस आयो तिमी आएनौ ।
बिजुलेको डाँडाभरि गुराँसको छायाँ
बाहिर मात्रै चाउरे प्रीति झुटो रैछ माया
सुसेलीले भाका हाल्यो थाहै पाएनौ
लाजै लाग्ने बैंस आयो तिमी आएनौ ।

को हो को हो क्वैली बोल्यो बनै भरि आज
काउकुती मलाई लाग्यो मनैभरि लाज
बसन्तले हात हाल्यो थाहै पाएनौ
लाजै लाग्ने बैंस आयो तिमी आएनौ ।

जतिसुकै टाढा जाऊ मेरो छातीभरि
स्वप्न सरि सँगै हुन्छौ तिमी रातभरि
गालाभरि लाली छायो देख्नै पाएनौ
लाजै लाग्ने बैंस आयो तिमी आएनौ ।

१०

आऊ प्रियदा कति बस्छ्यौ एक्लै आयो अब ता मिलनको सुन्दर मधुमास
दूर नभमा झिलमिल किरण फुट्यो मनमा छायो आल्हाद
प्रियदा रजनी अब दूर भयो टाढा भाग्यो मौन विषाद
क्षणक्षण लाग्दछ वरिपरि फैल्यो मनमोहक सरस सुवास
निर्वोध मनको शून्य कुनामा वर्षिन थाल्यो ज्योर्तिमय उल्लास
आऊ प्रियदा कति बस्छ्यौ एक्लै आयो अब ता मिलनको सुन्दर मधुमास ।

भित्रै आँशु कति रोक्छयौ रजनी बाहिर आऊ झर्ना बन्द्यौ
समय शापित म पनि दु:खिछु तिम्रो मनमा के छ सब भन्द्यौ
गुमसुम कति बस्छ्यौ रजनी निर्भय बन छोड्द्यौ संत्राश
तिम्रो रिमझिम सुन्दर प्रकृति नबनोस् कहिल्यै तुच्छ विलास
आऊ प्रियदा कति बस्छ्यौ एक्लै आयो अब ता मिलनको सुन्दर मधुमास ।

संझन्छु म त संभ्रममय त्यो आफ्नै मनको भित्री कथा
थियो तिम्रो मनमा कहीँ रजनी भन्नै नसकिने मौन व्यथा
अनजानैमा किन बित्नै लाग्यो सुन्दरतर तिम्रो इतिहास
अन्तिम प्रहर भो तै पनि आऊ राखी अन्तरहृदयमा दृढ विश्वास
आऊ प्रियदा कति बस्छ्यौ एक्लै आयो अब ता मिलनको सुन्दर मधुमास ॥

११

के भो के भो आज मलाई रोऊँ जस्तो लाग्छ
नयाँ वर्ष आए पनि यौवन फर्किदैन
बसन्त नै आए पनि छाती फक्रिदैन
आफैसँग अब टाढा होऊँ जस्तो लाग्छ
के भो के भो आज मलाई रोऊँ जस्तो लाग्छ ॥

कोइली बोल्दा मन भित्र दु:खे जस्तो लाग्छ
जून पनि मेरो लागि लुके जस्तो लाग्छ
रुञ्चे छाती उधारेर फोऊँ जस्तो लाग्छ
के भो के भो आज मलाई रोऊँ जस्तो लाग्छ ॥

हिमाल पनि कता कता फुङ्ग भए जस्तो
सिमलभुवा वतास आई उडाई लगे जस्तो
आफ्नै माया आफैसँग धोऊँ जस्तो लाग्छ
के भो के भो आज मलाई रोऊँ जस्तो लाग्छ ॥

१२

हिँड्नै पर्ने जानी नजानी जीवन यात्रा यो अविराम
कहिले देख्तछु घोर रजनी कहिले देख्छु प्रभात
हिँड्ने बाटो विकट अति नै कसरी हिड्ने दिनरात
थाकिसकेँ अब हिँड्दाहिँड्दै प्रियतम गर्छु आराम
हिँड्नै पर्ने जानी नजानी जीवनयात्रा यो अविराम ॥

हिँड्दाहिँड्दै कहिले पुगिने रिमझिम चारैतिर मधुमास
कहिले परिने भुमरी वीचमा भोग्दै पलपल आँधीवतास
विडम्बना किन यस्तो प्रियतम मृगतृष्णा मात्रै जीवन नाम
हिँड्नै पर्ने जानी नजानी जीवनयात्रा यो अविराम ॥

कति हेर्ने हो बाटो तिम्रो पारि किनारा देख्तछु दूर
आफैँसँग नै टाढिन लागेँ खोज्दाखोज्दै स्वप्न मधुर
कस्तो होला प्रियतम साँच्चै रिमझिम तिम्रो मुक्तिधाम
हिँड्नै पर्ने जानी नजानी जीवन यात्रा यो अविराम ॥

१३

मेरो छातीभरि हरे कस्को माया पस्यो
मनभरि बिरह छ मुटुभरि माया
आफैँसँग आफैँ छैन देख्छु खालि छाया
रोऊँ रोऊँ लाग्छ सधैँ कस्तो बानी बस्यो
मेरो छाती भरि हरे कसको माया पस्यो

रातभरि निद छैन दिनमा चैन छैन
आसआसै कति बाँच्ने भेट्ने टुङ्गो छैन
तर पनि संझी संझी बाँच्ने बानी बस्यो
मेरो छातीभरि हरे कसको माया पस्यो

सपनीमा छाँया सरि केही आई जान्छ
निठुरी भै सधैँ मेरो मुटु चुँडी लान्छ
बैगुनीलाई अझै दिल साँच्ने बानी बस्यो
मेरो छातीभरि हरे कसको माया पस्यो

लाली जोवन जानै लाग्यो हेर्दाहेर्दै बाटो
प्रतीक्षामै दिन बिते केही पाउने साटो
दोबाटोमा कुरी बस्ने अब बानी बस्यो
मेरो छातीभरि हरे कसको माया पस्यो

१४

प्रियतम ! मेरो सारा जीवन एक पहेली जस्तो लाग्छ
जीवनको प्रथम प्रहरमा यौटा सपना मनमा आएथ्यो
त्यही सपनाले मेरो जीवन रमझम पारी छाएथ्यो
रविको प्रथम मसृण रश्मि कलिलो कुडमलले पाएथ्यो
अब ता उत्कट सोही जीवन खालि खालि जस्तो लाग्छ
प्रियतम ! मेरो सारा जीवन एक पहेली जस्तो लाग्छ

मनको भित्री अन्तकुनामा अझ पनि हाँस्तछ मधुमास
तै पनि सहसा बन्नै लाग्यो जीवन यौटा परिहास
तै पनि अझ चढ्दैछु उकालो छोड्दै तातो उच्छ्वास
जीर्णघर झैं अब ता जीवन ढलपल हुन लागे जस्तो लाग्छ
प्रियतम ! मेरो सारा जीवन एक पहेली जस्तो लाग्छ

यौटा सुन्दर सपना बोकी मैले जीवन यात्रा थालेथैं
प्रियतम ! मैले मनमा साँच्चै सुन्दर सपना पालेथैं
टाढा लागैं सपना बोकी अब ता सोही भारी जस्तो लाग्छ
खै त्यो किन हो ! आज सबै मृगतृष्णा जस्तो लाग्छ
प्रियतम ! मेरो सारा जीवन एक पहेली जस्तो लाग्छ

जय ढुण्डिराज जय गणपति गर्दछु मनले दिनदिन तिम्रै पूजा
हेर्दा लाग्दछ गणपति तिम्रो रूप अनौठो भारी
मुसामा चढी भन तिमी कसरी गर्छौ वारिपारि
जति छन् मेरा विघ्न र वाधा गरिदेऊ सब ती धूजा
जय ढुण्डिराज जय गणपति गर्दछु मनले दिनदिन तिम्रै पूजा ॥

टिक्ला कसरी तिम्रा सामु कोही अमङ्गलकारी
जान्छन् तिम्रा भक्तहरू लम्वोदर तरी सागर पारी
जान्दिन केही विधि अनविधि कसरी गर्ने पूजा
जय ढुण्डिराज जय गणपति गर्दछु मनले दिनदिन तिम्रै पूजा ॥

वर्ण छ ध्वाँसे ठूला कान भुँडे भन्छन् सबले
हात्ती जस्तो सुँड छ लामु लड्डु खान्छौ करले
एक दन्त हौ सिद्धि दाता जान्दिन पूजाआजा
जय ढुण्डिराज जय गणपति गर्दछु मनले दिनदिन तिम्रै पूजा ॥

जय जननी मुक्ति प्रदायिनी तिम्रै जप्त छु निशिदिन नाम
जननी जन्म दियौ तिमीले तिम्रै काख रमाएँ
जननी जानी नजानी मैले तिम्रै दुइ पाउ समाएँ
अव त कहाँ जाने आमा को छ र मेरो अन्तिम धाम
जय जननी मुक्तिप्रदायिनी तिम्रै जप्त छु निशिदिन नाम ॥

कोही अकिञ्चन धाउँछ माता तिम्रो मन्दिर ताकी
दिन्छ्यौ जननी भुक्ति र मुक्ति कत्ति भेद नराखी
होसै पाइँन जननी मैले चाँडै हुन्छ कि काम तमाम
जय जननी मुक्ति प्रदायिनी तिम्रै जप्त छु निशिदिन नाम ॥

चल्दछ जननी स्पन्दन मुटुको कति दिन यसरी सुद्धी विन
जपतप केही गर्न सकिन ढल्क्यो जीवन वुद्धि विना
अव त धिपधिप गर्दछ बत्ती तेल सकियो गर्छु विराम
जय जननी मुक्ति प्रदायिनी तिम्रै जप्त छु निशिदिन नाम ॥

१७

शुंभनिशुंभ विनाशिनी शैलनिवासिनी जय जय दुर्गे आमा
नाश अवता विभ्रम मनको तोड्यौ कालो जालो
आँखामा अझ टम्म छ रजनी देख्तिन म उज्यालो
तिमी हौ जननी दुर्गत तारिणी पर्छु शरणमा तिम्रै आमा
गर्ने कसरी तिम्रो पूजा जान्दिन केही पनि परेँ दुविधामा
शुंभनिशुंभ विनाशिनी शैलनिवासिनी जय जय दुर्गे आमा ॥

शंकट पर्दा निशिदिन जननी जप्तछु तिम्रै नाम
तिम्रा भक्तहरू सब तर्छन् पारि संझी दुर्गे अविराम
लौन जननी भवभय हारिणी दयादृष्टि देऊ अन्धामा
अज्ञानी अति मूढ म छु अझ परेको छु फन्दामा
शुंभनिशुंभ विनाशिनी शैलनिवासिनी जय जय दुर्गे आमा ॥

जान्दिन दुर्गे ! पूजाविधि क्यै पर्दछु पाउ जानी नजानी
जस्तो छु तर सेवक हुँ दुर्गे तिमी हौ दयाकी खानी
बात्सल्य कहिले हट्छ र जननी छोरो दूर हुंदामा
निर्मम छोरा हुनसक्छन् तर ममतामयी हुन्छन् आमा
शुंभनिशुंभ विनाशिनी शैलनिवासिनी जय जय दुर्गे आमा ॥

१८

जय जय जननी कल्मष हारिणी दुर्गत तारिणी माता
जपतप तिम्रै गर्दछु आमा
तिमीमै मेरो भक्ति विशेष
मायामय हो सारा संसार
तिमी नै रहने आखिरी शेष
जय जय जननी कल्मष हारिणी दुर्गततारिणी माता ॥

तिमी हौ जननी कारकतत्त्व
तिमी नै हौ सृष्टिकी मूल
घुम्दछ जननी तिम्रै वरिपरि
मिल्दछ तिमी मै अन्त्य समूल
जय जय जननी कल्मष हारिणी दुर्गततारिणी माता ॥

झिलमिल सब तिर तिमी नै देख्छु
तिमी नै सबमा वारापार
जननी वरदे !! तिमीलाई म
गर्छु नमस्कार बारम्बार
जय जय जननी कल्मष हारिणी दुर्गततारिणी माता ॥

१९

कल्पतरु हौ प्रभु तिमी सबका हौ तिमी जीवन आधार
तिम्रै सृष्टि चराचर सारा यसमै घुम्छौ आफू पनि
मोहमाया वीच फस्छौ आफैं संसारी झैं मस्त बनी
बुझ्न अति नै दुस्तर भगवन् माया तिम्रो अपरम्पार
कल्पतरु हौ प्रभु तिमी सबका हौ तिमी जीवन आधार ॥

के छ र ! भगवन् आखिरी जाने कसले साथ लान्छ र के
यौटै तिम्रो भक्ति छोडी कसले के के लान सके
क्यै पनि सम्बल मेरो छैन कसरी तर्ने होला पार
कल्पतरु हौ प्रभु तिमी सबका हौ तिमी जीवन आधार ॥

क्षणिक जीवन भूलभुलैया सपना जस्तो सारा संसार
तैपनि किन हो मृगतृष्णा यो ठान्दछु भगवन् जीवनसार
अज्ञानी छु अकिञ्चन सारै अब त सुस्तरी खोल्द्यौ द्वार
कल्पतरु हौ प्रभु तिमी सबका हौ तिमी जीवन आधार ॥

शंभु महेश्वर प्रभुलाई, गर्छु नमस्कार शिर झुकाई
बस्छौ ईश्वर ध्यान गरीकन अति टाढा
भक्तहरूका मनमा बस्छौ बनी तिमी गाढा
घस्छौ नित्य खरानी अनि ओड्छौ छाला
बस्छन् पार्षदगण वरिपरि घाँटीमा सर्पको माला
शंभु महेश्वर प्रभुलाई, गर्छु नमस्कार शिर झुकाई ॥

दिन्छौ अरूलाई भुक्तिमुक्ति अकिञ्चन तर आफू छौ
आफैं भैकन पनी आफू नहुने रहस्यमय तिमी आफू छौ
आशुतोष हौ शिव तिमी सबको तारक बन्धौ
मेरो मनको अन्धकुनामा आई जगमग बन्धौ
शंभु महेश्वर प्रभुलाई, गर्छु नमस्कार शिर झुकाई ॥

डमडम डमरू बज्दछ सुन्दछु दुवै कान लगाई
जान्दिन तिम्रो भक्ति गर्न आँखा चिम्ली रमाई
मूढ छु अति नै जान्दिन केही जप्दछु केवल नाम
ईश्वर देऊ अब ता तिम्रै सुन्दर ज्योतिमर्य धाम
शंभु महेश्वर प्रभुलाई, गर्छु नमस्कार शिर झुकाई ॥

२१

जय जय भगवान् जय अविनाशी
जनजनको तिमी पाप पखाल्छौ
कणकणमा तिमी बत्ती बाल्छौ
तिमी हौ सबका आत्मावासी
जय जय भगवान् जय अविनाशी ॥

पापी म हुँ तिमी पापाहारी
म भुसुनु हुँ तिमी विश्व बिहारी
तिम्रै चरण पर्दछु हाँसी हाँसी
जय जय भगवान् जय अविनाशी ॥

जान्छ र के साथ पछाडि
जानु छ एक दिन सारा छाडी
मनको देऊ सब भ्रम नासी
जय जय भगवान् जय अविनाशी ॥

तिम्रा चरणको भक्त म हुन्छु
मनको मैलो नाथ म धुन्छु
बृद्ध भएँ अब दूर छ काशी
जय जय भगवान् जय अविनाशी ॥

जगत नियन्ता हर्ताकर्ता प्रभु गर मेरो उद्धार
माटोको सब सिर्जना हो यो माटोमै मिल्छ सबै
माटो भन्दा बाहेक के छ यहाँ मृण्मय शरीर सबै
जे जे देख्छु माटैमाटो माटोमय सब संसार
जगत नियन्ता हर्ताकर्ता प्रभु गर मेरो उद्धार ॥

ठान्छु म ता नश्वर देहलाई अति सुन्दर निर्मल
मृत्यु पछि बन्दछ यही आखिर भष्म कीरा या मल
गर्दछु त्रै पनि किन हो यसरी नबुझी बृथाहंकार
जगत नियन्ता हर्ताकर्ता प्रभु गर मेरो उद्धार ॥

अन्धकार सबतिर देख्तछु मायामय यो जगलाई
बाटो कुन हो अघि बढ्ने कसरी भेट्ने तिमीलाई
खोल्द्यौ आँखा ज्योतीमर्य भगवन् देखौँ तिम्रो द्वार
जगत नियन्ता हर्ताकर्ता प्रभु गर मेरो उद्धार ॥

अंश र अंशी बीचको भेद थाहै छैन मलाई
आफैँसँग छु आफैँ टाढा कसरी चिन्ने तिमीलाई
देऊ सङ्गत सन्तहरूको जसले दिन्छन् ज्ञान अपार
जगत नियन्ता हर्ताकर्ता प्रभु गर मेरो उद्धार ॥

२३

खोल्यौ तिमी अब ता चेतनद्वार
जान्छु छोडी सब यो दु:खमय संसार
विस्मृतपथका हामी यात्री हाम्रो यात्रा अविराम
कति युग घुम्ने यसरी भवमा कहिले होला पूर्ण विराम
जन्म्यो फेरि मर्नु पर्ने शाश्वत बनी यो घुम्छ सधैँ
विस्मृतिको कालो पर्दा जन्म र मृत्यु वीचमा लाग्छ सधैँ
खोल्यौ तिमी अब ता चेतनद्वार
जान्छु छोडी सब यो दु:खमय संसार

स्वर्गनरकको दुविधा छ सधैँ मृत्यु पछि ठूलो त्राश
विषय वासना दुइथोपा महमा अल्झिरहेछ घिटिघिटि सास
आफू नै जब आफ्नू हुदैन के गर्ने अनि अरूको आस
देख्तछु के को लागि अझ पनि यो मरूभूमिमा मधुमास
खोल्यौ तिमी अब ता चेतनद्वार
जान्छु छोडी सब यो दु:खमय संसार

एकातिर छुट्नै लाग्यो आश्रयथल अर्कातिरको भर छैन कुनै
अहिले अघिपछि बन्धु र बान्धव अन्त्य परेमा हुन्न कुनै
आफ्नैआफ्नो बाटो सबको स्वार्थमय सबको छोटो काम
थाहै नपाई सब छुट्तछ क्षणमा आई कसले भन्दछ हे राम
खोल्यौ तिमी अब ता चेतनद्वार
जान्छु छोडी सब यो दु:खमय संसार

२४

गर्छु नमस्कार श्रद्धानत शिरले भज्छु अहर्निश तिम्रै नाम
तिम्रो स्मरण गर्ने कुन बेला हो सब भन्छन् भोलि भोलि
समय रहँदै भजन सकेपो बन्दछ राम्रो हाम्रो भोलि
प्राण पुग्दछ जब घाँटीमा कसरी भन्ने राम
गर्छु नमस्कार श्रद्धानत शिरले भज्छु अहर्निश तिम्रै नाम ॥

स्मृति सब लुप्त भई घिटीघिटी बन्दछ आँखामा लाग्दछ जालो
कर्महरूको बन्धन बन्द छ चारैतिर ढाक्तछ तममय कालो
धिपधिप बन्द छ जब प्राण पखेरू कसरी भन्ने राम
गर्छु नमस्कार श्रद्धानत शिरले भज्छु अहर्निश तिम्रै नाम ॥

शरणागति जो बन्दछ तिम्रो आए पनि के गर्दछ काल
पदरज पाई भक्तहरूको जब मानिस बन्दछ मालामाल
चिन्मय तिमी हौ तिमीमा मिल्ने मार्ग बताऊ राम
गर्छु नमस्कार श्रद्धानत शिरले भज्छु अहर्निश तिम्रै नाम ॥

२५

स्वार्थी छ सारा संसार तिमी छौ यौटा स्वार्थ रहित
हाँस्ता सब हाँस्तछ दुनिया रुदाँ एक्लै रुनु पर्ने
बाँच्ता अघि पछि दाजु र भाइ जाँदा एक्लै हुनु पर्ने
समय छदैं यो सब शोच्न सके हुन्छ अवश्यै पनि हित
स्वार्थी छ सारा संसार तिमी छौ यौटा स्वार्थरहित ॥

मनोरम झलमल सारा संसार कणकणमा बिन्न सके
कालो सेतो सब छुट्टिन्छ आफैंलाई चिन्न सके
जानी नसक्नु तिमी छौ भगवन् जति पनि गाँउ तिम्रो गीत
स्वार्थी छ सारा संसार तिमी छौ यौटा स्वार्थरहित ॥

श्रुतिस्मृति जति पनि गाउन् सधैं नै छौ अज्ञेय तिमी
मन बुद्धिभन्दा पनि टाढा मायाभन्दा माथि तिमी
जसले भन्दछ जान्दछु नबुझी त्यो हो अकिञ्चन बुद्धिरहित
स्वार्थी छ सारा संसार तिमी छौ यौटा स्वार्थरहित ॥

२६

आखिरी जानु पर्दछ एक्लै छाडी सारा दुःखमय संसार
अनमोल प्रभुपद प्राप्ति गर्नु जिवनको यौटै लक्ष्य सदा
तर पनि कत्ति होस नपाई वित्त छ जीवन भोगी विपदा
सन्तहरूको सङ्गतबाटै मिल्दछ प्रभुको चिन्मय द्वार
आखिरी जानुपर्दछ एक्लै छाडी सारा दुःखमय संसार ॥

वेद उपनिषद सारा भन्छन् आफ्नै लागि सब प्यारो रे
स्वार्थवस सब प्रिय हुन्छन् स्वार्थ सकियो अनि टाढा रे
तर भक्ति छ यौटै सबको स्वार्थ जसले खोल्दछ प्रभुको द्वार
आखिरी जानुपर्दछ एक्लै छाडी सारा दुःखमय संसार ॥

ध्यान गरौँ सच्चित् प्रभुको हटोस् मनको दुस्तर माया
सुस्थिर मन शान्त सरोवर सरि हो देखिन्छ प्रभुको सुन्दा छाँया
अरू सब छोडी प्रभुको शरण परौँ गर्छन् हाम्रो उद्धार
आखिरी जानुपर्दछ एक्लै छाडी सारा दुःखमय संसार ॥

२७

घनघन घण्टी बज्यो मनमा आयो अन्तिम बेला हात समाऊ मेरो
अरूको घर किन धाऊँ भगवन् तिम्रो मन्दिर छोडी
आएँ तिम्रै पदतल अब ता तिमी सँग नाता जोडी
जतिछन् वरिपरि क्षणिक सब हुन् तिमी हौ शास्वत मेरो
जानु छ एक्लै सारा छोडी तिमी नै प्राप्ति मेरो

घनघन घण्टी बज्यो मनमा आयो अन्तिम बेला हात समाऊ मेरो ॥

हाँसो आँशु घाम र छाँया सब देह रहे सम्म
यो भव सब दु:खमय भगवन् धुकधुक सास रहेसम्म
तृष्णा बन्दछ बन्धन भगवन् ! किन हो आई मेरो
आखाँ अझ पनि किन खुल्दैनन् ! देख्छु पूर्ण अधेँरो
घनघन घण्टी बज्यो मनमा आयो अन्तिम बेला हात समाऊ मेरो ॥

तिमी छौ टाढा अझ पनि भगवन् कसरी भेट्ने होला
तिम्रो मेरो बीचको दूरी कसरी मेट्ने होला
मनमा धरमर भ्रम पालेर कसरी काट्ने घेरो
घोर रजनी एक्लै हुन्छु के गति होला मेरो
घनघन घण्टी बज्यो मनमा आयो अन्तिम बेला हात समाऊ मेरो ॥

२८

दशानन दुष्ट विनाशक दशरथनन्दन रामचन्द्र तिमीलाई गर्छुप्रणाम
तिमी हौ प्रभु आदर्श पुत्र प्रजापरिपालक आनन्द स्वरूप
राज्य छोडी भिखारी वन्यौ सन्तुष्ट सधैँ त्यागका प्रतिरूप
आदर्शकै खातिर तिमी आयौ सबलाई सुमार्ग देखायौ राम
दशानन दुष्ट विनाशक दशरथनन्दन रामचन्द्र तिमीलाई गर्छु प्रणाम ॥

सबलाई संसार सागर तिमी तार्छौ सेतुको निर्माण गरी
दुष्ट दानब धर्म विनाशक स्वाहा पार्छौ सब संहार गरी
सनातन ब्रम्ह तिमी मानव रूपले कर्म गर्छौ अविराम
दशानन दुष्ट विनाशक दशरथनन्दन रामचन्द्र तिमीलाई गर्छु प्रणाम ॥

जन्मेपछि मर्नैपर्ने तिम्रो भगवन् अविचल नित्य नियम
घुम्दछ चक्र सरि तलमाथि नगरी नियमित आफ्नू क्रम
त्यही क्रममा मानिस सरि भै तिमी पनि जान्छौ भई पूर्ण विराम
दशानन दुष्ट विनाशक दशरथनन्दन रामचन्द्र तिमीलाई गर्छु प्रणाम ॥

कल्मषमय यो सारा संसार सुखमा पनि दु:को छाँया रहने
क्षणिक सबै मृगतृष्णा सरिको स्थायी केही कुनै कहिल्यै नहुने
तै पनि किन यो लोभ र माया गर्छौं हामी दुच्छर काम
दशानन दुष्ट विनाशक दशरथनन्दन रामचन्द्र तिमीलाई गर्छु प्रणाम ॥

२९

हे नन्दनन्दन ! गोपीजनस्पन्दन ! मुनिजनवन्दित श्याम !
बृन्दाबनका कुञ्जहरूमा खेल्थ्यौ भगवन् नाना खेल
ब्रजभूमिमा तापितहरूको बन्थ्यौ मधुमय शान्तिमेल
इन्द्रादि पनि इच्छा गर्थे पाउन तिम्रो पदरज धाम
हे नन्दनन्दन ! गोपीजनस्पन्दन ! मुनिजनवन्दित श्याम ! ॥

जन्म्यौ मानिस जस्तै देखायौ लीला गऱ्यौ अतिमानव काम
कर्ममय जीवन कर्मको उपदेश गऱ्यौ कर्म गऱ्यौ अविराम
मानव जस्तै तर तिमी अल्प्यौ छोड्यौ केवल पावन नाम
हे नन्दनन्दन ! गोपीजनस्पन्दन ! मुनिजनवन्दित श्याम ! ॥

कतिकति भक्तहरू पारि तरे धोई पापमय सङ्कट भारी
दुस्तर अति नै दुःखमय संसार भगवन् तिमी तार्छौ पारी
पतितजन पनि तर्छन् सजिलै जप्तै तिम्रो तारक नाम
हे नन्दनन्दन ! गोपीजनस्पन्दन ! मुनिजनवन्दित श्याम ! ॥

३०

निरञ्जन निराकार सच्चिदानन्द प्रभुलाई गर्छु कोटी कोटी प्रणाम
घटघटवासी प्रभु अविनाशी तिम्रो रचना सारा
निर्विकार तिमी छौ प्रभु तर हुन्छौ सबको दिव्य सहारा
गर्छौ सृष्टि गर्छौ खेला लिन्छौ नाना अवतार र नाम
बन्छौ नटवर गर्छौ लीला धर्ती बन्दछ अति शुभ धाम
निरञ्जन निराकार सच्चिदानन्द प्रभुलाई कोटी कोटी प्रणाम ॥

तिम्रा नै हुन् मत्स्य कुर्म वराह कल्की आदि अवतार
नाना रूपमा आयौ भगवन् हर्न धराको ठूलो भार
गर्छौं कीर्तन खालि भगवन् जप्छौं केवल तिम्रो नाम
भित्री स्वरूप त बुझ्न छ गाह्रो बुझ्छौं केवल बाहिरी काम
निरञ्जन निराकार सच्चिदानन्द प्रभुलाई कोटी कोटी प्रणाम ॥

देख्छु म त तिम्रो मर्त्यस्वरूप मेरा चर्ममंडित आँखाले
अज्ञानी छु कसरी देखौं निराकार तिमीलाई अन्तर्मनका आँखाले
सकिन मैले गर्न कहिल्यै पूजा कीर्तन आदि शुभ काम
तै पनि तिमीतिर बढ्ने गर्छु अनवरत प्रयास अविराम
निरञ्जन निराकार सच्चिदानन्द प्रभुलाई कोटी कोटी प्रणाम ॥

आएँ अब ता तिम्रै शरणमा भगवन् पर्छु चरणमा दुइ हात पसारी
अर्जुनरथका सारथी तिमी हौ गीताज्ञानका व्याख्याता
कर्म मार्गका कर्मठ यात्री भक्तजनका तिमी नै मुक्तिदाता
शरणागत छन् जति पनि भगवन् तार्छौ तिमी पारि
कुञ्चित कुन्तल श्यामल तनुभृत जय कृष्ण मुरारि
आएँ अब ता तिम्रै शरणमा भगवन् पर्छु चरणमा दुइ हात पसारी ॥

अगोचर तिमी छौ अज्ञानीको ज्ञानीको तिमी साथी हौ
हुन्छौ सबका अन्तर्हृदयमा घटघटका तिमी बासी हौ
भक्तहरूका जतिछन् दुष्कृति नास्छौ धुजाधुजा पारी
जो पनि आयो तिम्रो शरणमा भगवन् तार्‍यौ तिमीले पारी
आएँ अब ता तिम्रै शरणमा भगवन् पर्छु चरणमा दुइ हात पसारी ॥

जति खोजे पनि तिमी मिल्दैनौ तिम्रो दया जागेन भने
जति बर्षे पनि तिमी पाइन्नौ भक्तले भाँडो थापेन भने
अब ता झरझर वर्सिद्यौ घनश्याम थापेँ भक्तिको भाँडो अघिसारी
शरणागतको दुर्गति कसरी होला प्रभुजी लाऊ पार उतारी
आएँ अब ता तिम्रै शरणमा भगवन् पर्छु चरणमा दुइ हात पसारी ॥

शरणागत छु अविचल भगवन् ! आऊ पार लगाऊ
आएँ तिम्रै मन्दिर भगवन् अन्तिम सास चढाएँ
प्रकाश छद्‌यौं चिन्मय भवगन् ! आँखा खोली आएँ !
आखिरी के छ र तिमी बाहेक प्रभु ! तिमीमा लिन गराऊ !
शरणागत छु अविचल भगवन् ! आऊ पार लगाऊ ॥

कसरी रोकौं छाडा इन्द्रियहरू चञ्चल मनका भरमा
केही नगर्न पनि धेरै गर्नु पर्दछ भित्री अभ्यन्तरमा
डुब्नै लागें लौन भगवन् झटपट हात समाऊ
शरणागत छु अविचल भगवन् ! आऊ पार लगाऊ ॥

सारा विश्व मिले पनि भवमा हुन्न परितृप्ति मनमा
मनलाई जित्न सके भगवन् मिल्दछ तृप्ति क्षणमा
सारा शास्त्र पढे पनि हुन्छ र के ? हट्तैन जवतक मनको झ्याउ
शरणागत छु अविचल भगवन् ! आऊ पार लगाऊ ॥

कसले साथ लग्यो के के भगवन् ! मैले लानु छ के ?
पाप र पुण्यसँग जाने दुइटा आफ्नू कमाई छ जे
आई अन्तिम बेला भगवन् अकिञ्चन सरि जाँऊ
शरणागत छु अविचल भगवन् ! आऊ पार लगाऊ ॥

६८२: ८२०६
२१ ५३२ [illegible]

नाम थर : शरद कुमार भट्टराई ।



जन्मस्थान : रावा लामीडाँडा, खोटाङ जिल्ला ।

हालको वासस्थान : सुनाम नगर, प्रयाग मार्ग बत्तीस पुतली ९/काठमाडौं।

सेवा : श्री ५ को सरकारको सचिव पदमा कार्यरत ।

शिक्षा : एम्.ए. बी.एल्. बेलायत तथा जापानमा प्रशासन सम्बन्धी उच्च अध्ययन तथा प्रमाणपत्र प्राप्त ।

कृति : दुई समीक्षात्मक ग्रन्थ, तीन खण्डकाव्यहरू, २ कविता संग्रहहरू र केही गीत तथा भजन नामक कृति समेत प्रकाशन भइसकेका र क्रान्तिदूत नामक अत्यन्त विचारोत्तेजक राजनीतिक खण्डकाव्य प्रकाशोन्मुख ।

विभूषण तथा पुरस्कार : गोरखा दक्षिण बाहु चौथा र तेस्राद्वारा विभूषित र पदकहरू प्राप्त । राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा कविताको प्रथम पुरस्कार स्वर्णपदक समेतबाट पुरस्कृत । अन्य केही पदक र पुरस्कार समेत प्राप्त ।

पत्र-पत्रिका : नेपाल संस्कृत छात्र संघद्वारा प्रकाशित अरुणोदय नामक नेपाली साहित्यिक पत्रिकाका संस्थापक सम्पादक कर्मचारी मिलन केन्द्र पाल्पाद्वारा प्रकाशित दीपशिखा नामक पत्रिकाका संस्थापक प्रकाशक ।

भ्रमण : संयुक्त अधिराज्य बेलायत, नेदरल्याण्ड्स, जापान, मलेशिया, सिंगापुर, थाइल्याण्ड, [illegible] इण्डोनेशिया, हङकङ आदि [illegible] गरेको ।

रुचि : काव्य, कविता, गीत, भजन, निवन्ध, स[illegible] लेखन र दार्शनिक तथा धार्मिक विष[illegible] रहेको ।